# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

# प्रेस विज्ञप्ति

(विषयः अभियोग पत्र दायर गरिएको बारे।)

मितिः २०८२/०६/२४

इमेज बचत तथा ऋण सहकारी संस्था लि. को नामबाट बागलुङ र पोखरामा संचालनमा रहेको अलग-अलग दुई सहकारी संस्थाका तत्कालीन अध्यक्ष एवं ढोरपाटन नगरपालिका वागलुङका नगर प्रमुख समेत रहेका चुडामनी नेपालीको नाती लाल बहादुर दर्जीको छोरा जिल्ला बागलुङ साविक बुर्तिवाङ गा.वि.स. वडा नं. १ हाल ढोरपाटन नगरपालिका वडा नं. १ बस्ने ईमेज बचत तथा ऋण सहकारी संस्था लि. का संचालक समितिका अध्यक्ष वर्ष ५१ को **देव बहादुर दर्जी भन्ने देव कुमार नेपाली समेतका** विरुद्ध सम्पत्ति शुद्धीकरणको कसुरमा यस विभागमा दर्ता हुन आएको उजुरी/सूचना उपर प्रारम्भिक जाँचबुझ तथा अनुन्धान हुँदा,

**प्रतिवादीहरु देव कुमार नेपाली समेतले १५४३ जना वचतकर्ताहरुको रु.१,३३,९२,५०,३१४।-** (अक्षरूपी एक अर्ब तेत्तिस करोड बयानव्वे लाख पचास हजार तिन सय चौध मात्र) समेतका रकमहरु सो सहकारी संस्थाका **उपाध्यक्ष डोर बहादुर परियार, सचिव सुनिल नेपाली, कोषाध्यक्ष लक्ष्मि सेन सुनार, सदस्य चित्र बहादुर भण्डारी, सदस्य रुपा बि.क., सदस्य झग बहादुर शाही समेतको** निर्देशनमा ईमेज वचत तथा ऋण सहकारी संस्था लि. मुख्य कार्यालय बागलुङका शाखा प्रबन्धक **शक्ति किशान, लेखा प्रमुख लालमति रोका, सेवाकेन्द्र बुर्तिबाङका लेखा प्रमुख अनिता बुढा मगर, सेवाकेन्द्र गलकोटका शाखा प्रबन्धक अनिल नेपाली समेतका** संचालक तथा कर्मचारीहरु समेतले सर्वसाधरण जनताहरुको रकम अपचलन गर्ने उद्देश्यले सहकारीको मुल्य, मान्यता, सिद्दान्त बिपरीत प्रचलित ऐन,नियम, निर्देशिका बिपरित पीडितहरुलाई अधिक ब्याज दिने प्रलोभनमा पारी सहकारी ठगी गर्ने उद्देश्यले रकम जम्मा गर्न लगाई संस्थाको सफ्टवेयरमा **कृतिम खाता (खाता नं. १०४०३-०१००-०६२२० खातावालाको नाम Baglung Image 008078 ) खडा गरी** रकम प्रबिष्ट गरी सोही खाता मार्फत तथा उक्त खाताबाट अर्को कृत्रिम खाता (खाता नं. १०४०३-०१००-०६२२१ खातावालाको नाम General Image 008079) समेत खडा गरी रकम रकमान्तर गरी उक्त रकमहरुलाई **कृतिम ऋणी खडा गरी ऋण प्रवाह गरेको** देखाई नक्कली ऋण प्रवाहको माध्यमबाट, प्रतिवादीहरुले संस्था तथा **वचकर्ताहरुको रकमबाट अपचलन गरेको**, उक्त रकमको हिसाबमिलान गर्ने प्रयोजनको लागि IMAGE SAVING (000001) मा रकम रकमान्तर गरी प्रतिवादीहरुले यसै खाताबाट रकम निकाली, वचतकर्ताहरुको रकम हिनामिना /अपचलन तथा राज्यलाई भुक्तानी गर्नु पर्ने **राजश्व रकम समेत हिनामिना गरेको**, सहकारीले नियमनकारी निकायमा पेश गर्नु पर्ने चौमासिक बिवरण, वार्षिक लेखापरिक्षण प्रतिवेदन समेत पेश नगरी सदस्यको बचत ऐन नियम, **विनियम बमोजिम बाहेक** अन्य प्रयोजनको लागि **प्रयोग गरेको**, तोकिएको भन्दा बढी रकम ऋण प्रदान गर्दा **जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेको**, समितिको सदस्य, व्यवस्थापक समेतले सहकारी संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेको, ऋण असुल हुन नसक्ने गरी समितिका सदस्य, **नातेदारलाई ऋण दिई रकम हिनामिना गरी**, समितिका पदाधिकारीहरु र व्यवस्थापक

समेतको मिलेमतोमा **सहकारी संस्थाको शेयर वा बचत रकम आफू खुसी परिचालन** गरी सहकारी संस्थालाई हानि नोक्सानी पुर्याएको, सहकारीले ऐन,नियम र विनियम विपरीत **लगानी गर्ने उद्देश्यले रकम उठाएको,** सर्वसाधरणहरुलाई बिभिन्न सुविधाको लोभमा पारी वचत गर्न लगाएको र प्रतिवादीहरुले एक आपसमा मिलेमतो गरी सहकारी ऐन, नियम, बिनीयम बिपरीत, आफुलाई तोकेको जिम्मेवारी अनुसारको कार्य नगरी **सहकारीको रकम हिनामिना गरी सो रकमबाटै संस्थाका तत्कालीन अध्यक्ष एवं प्रतिवादी देवकुमार नेपालीले आफु एवं श्रीमती समेतका नाउँबाट घरजग्गा लगायतमा लगानी गरेको समेतका** आधार प्रमाणहरुबाट सहकारी संस्थामा रहेको वचतकर्ताहरूको रकम हिनामिना एवं ठगी गरी सो कसुरबाट प्राप्त गरेको सम्पत्तिको गैरकानुनी स्रोतबाट,

प्रतिवादी देव कुमार नेपालीले विगो रु. १,५८,९४,५५,३९१।७८ (एक अर्व अन्ठाउन्न करोड चौरानब्बे लाख पचपन्न हजार तीनसय एकानब्बे रुपैया पैसा अठहत्तर मात्र) बराबरको सम्पत्ति शुद्धीकरण गरी गरेको उल्लेखित कसुरजन्य कार्य उपर निज प्रतिवादीलाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० बमोजिम वीगो रु. १,५८,९४,५५,३९१।७८ (एक अर्व अन्ठाउन्न करोड चौरानब्बे लाख पचपन्न हजार तीनसय एकानब्बे रुपैया पैसा अठहत्तर मात्र) कायम गरी वीगोको दोब्बर जरिवाना र कसुरको मात्रा अनुसार २ बर्षदेखि १५ बर्षसम्म कैद सजाय हुनका साथै निज प्रतिवादी देवकुमार नेपाली सूचक संस्थाको रुपमा रहेको इमेज बचत तथा ऋण सहकारी संस्थाको जिम्मेवार पदाधिकारी रहेको हुनाले निजलाई सोही ऐनको दफा ३० को उपदफा (७) बमोजिम थप सजाय हुन निजका नाउँको सहकारी संस्थाको शेयर रकम रु. ४००००००।– (चालिस लाख), नगद मौज्दात रु. १२०४५४।– (एक लाख वीस हजार, चारसय चवन्न), र निजका नाउँमा दर्ता कायम रहेका जग्गा कित्ता ३३ समेत जफत हुन मागदावी लिई, र

निजकी पत्नी एवं प्रतिवादी छेला नेपालीलाई वीगो रु. ६,९८,८०,७५२।९४ (छ करोड, अन्ठानब्बे लाख, असी हजार, सातसय बाउन्न रुपैया पैसा चौरानब्बे मात्र कायम गरी ) निजका नाउँका विभिन्न स्थानका जग्गा कित्ता १७ समेत जफतको मागदावी सहित कैद र जरिवाना समेतको दावी लिई, एवं

विवादको सहकारीमा आवद्ध प्रतिवादीहरु चित्र बहादुर भण्डारी, लालमति रोक्का, शक्ति किसान, डोरबहादुर परियार, सुनिल नेपाली, लक्ष्मी सेन सुनार, रुपा वि.क., झगबहादुर शाही, अनिता बुढा मगर, सुरेन्द्र बोहरा, सञ्जिता थापा, पुष्पा पाठक खत्री, दिपक पौडेल र सन्तोष नेपाली समेतले बारदातमा संलग्न मुख्य अभियुक्त देव कुमार नेपालीलाई सम्पत्ति शुद्धीकरणको कसुर गर्न गराउनमा सहयोग र सहजीकरण गरी मतियारको भूमिका निर्वाह गरी गरेको कसुरजन्य कार्य उपर निजहरुलाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा(२) बमोजिम मुख्य अभियुक्त देव कुमार नेपालीलाई हुने सजायको आधा सजाय हुन मागदावी लिनुका साथै लालमति रोक्काका नाउँमा रहेको देवकुमार नेपाली नै वास्तविक धनी भएको खुल्न आएको कास्की जिल्लामा रहेको जग्गा २ कित्ता र सन्तोष नेपालीका नाउँमा रहेको सवारी साधन समेत जफत हुन मागदावी लिई जिल्ला सरकारी वकील कार्यालय बागलुङ्गले मिति २०८२/०६/२३ गते सम्मानित बागलुङ्ग जिल्ला अदालत समक्ष अभियोग पत्र दायर गरेको छ।

(सूचना अधिकारी)

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर